**Karnali Outlook: Knowledge Across Disciplines (KOKAD)**
Peer-Reviewed, Open Access Journal
ISSN: 3102-0844, Volume 1, Issue 1, February 2026, pp. 217-230
Indexed in Nepal Journals Online
**Reviewed Article**

# कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमता

**रामप्रसाद कंडेल**
नेपाली शिक्षा केन्द्रीय विभाग, म. प. वि सुर्खेत
Email: kandelrpskt@gmail.com
**नवीन भट्टराई**
नेपाल पुलिस स्कुल, वीरेन्द्रनगर, सुर्खेत
Email: Bhattarainabin119@gmail.com

**Article History:** Received: 5 October 2025, Revised: 5 September 2025, Accepted: 20 January 2026
Corresponding Author: Nabin Bhattrai ✉: Bhattarainabin119@gmail.com
**Copyright Information:** Copyright 2026 © The author(s). This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

**लेखसार**

*प्रस्तुत अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमतामा केन्द्रित रहेको छ । यस अध्ययनमा सुर्खेत जिल्लाका दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयका १५ / १५ जनाका दरले ६० जना विद्यार्थीलाई प्रतिनिधि नमुना छनोटका रूपमा लिइएको छ । साथै यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यो अध्ययन वर्णविन्यास, विराम चिह्न, शुद्ध श्रवण अनुरूप लेख्नु, स्वरूपगत त्रुटि, मात्रात्मक लेखन जस्ता क्षेत्रका आधारमा विश्लेषण गरिएको छ । यसमा तथ्याङ्कशास्त्रीय विधिका आधारमा औसत प्राप्ताङ्क र प्रतिशताङ्क निकाली परिमाणात्मक विश्लेषण गरिएको छ । विद्यालय 'क' का कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको मापन गर्दा ५० पूर्णाङ्ककमा प्रति विद्यार्थी ३३.२ औषत प्राप्ताङ् रहेको छ । विद्यालय 'ख' मा औषत प्राप्ताङ्क ३३.८ रहेको छ भने विद्यालय 'ग' को औषत प्राप्ताङ्क ३१.५ रहेको छ । विद्यालय 'घ' को औषत प्राप्ताङ्क ३३.६ रहेको छ । ६० जना विद्यार्थीमध्ये सबैभन्दा कम मध्यम ११.६६ प्रतिशत र सबैभन्दा बढी उत्तम ५३.३४ प्रतिशत विद्यार्थी रहेका छन् । समग्रमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उत्तम स्तरको रहेको छ । लैङ्गिकताका आधारमा छात्राको श्रुतिलेखन क्षमता कमजोर रहेको छ । श्रुतिलेखन क्षमता कमजोर हुने कारणहरूमा श्रुतिलेखन कार्य गर्दा बोझ मान्नु तथा बेवास्ता गर्नु रहेका छन् । श्रुतिलेखन गराउँदा विद्यार्थीले ध्यानपूर्वक नसुन्नु, विद्यार्थीहरू श्रुतिलेखनको महत्त्वबारे स्पष्ट नहुनु पनि श्रतिलेखनका अन्य कारण हुन् । विद्यार्थीहरूले श्रुतिसमभिन्नार्थक शब्दमा ख्याल नगर्दा वर्णविन्यासगत त्रुटि देखापर्नु, अरुले भनेका कुरा सुनेर शुद्ध लेख्ने बानीको विकास नहुनु श्रुतिलेखनमा त्रुटि हुने कारण हुन् । श्रुतिलेखनमा त्रुटि हुने अन्य कारणहरूमा भाषा पाठ्यपुस्तकको अध्ययनमा कमी, विद्यार्थीहरूले संयुक्त वर्ण लेख्न अलमलिनु तथा मानक नेपाली भाषाको प्रयोग सम्बन्धी द्विविधा हुनु जस्ता कारण रहेका छन् ।*

**प्रमुख शब्दावली :** श्रुतिलेखन, वर्णविन्यास, पदयोग पदवियोग, शुद्ध श्रवण, मात्रात्मक त्रुटि, स्वरूपगत त्रुटि

## अध्ययनको पृष्ठभूमि

प्रस्तुत अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमतामा केन्द्रित रहेको छ । यसमा विद्यार्थीले गरेका वर्णविन्यासगत त्रुटिको अध्ययन गरी श्रुतिलेखनलाई त्रुटिरहित बनाउन भूमिका खेलेको हुन्छ । श्रुतिलेखतन कार्य लेखाइ सिपअन्तर्गत सुनेर लेख्ने कार्य हो । यो वक्ताले भनेको विषयवस्तुलाई सुनेर लेख्ने अभ्यास हो । शिक्षकले विद्यार्थीहरूको स्तर र आवश्यकताअनुसार विभिन्न स्तरमा यस्तो अभ्यास गराउन सक्छन् । यसबाट सुनाइ र त्यसका आधारमा लेखाइ क्षमताको विकास एकीकृत रूपमा भएको हुन्छ । यस्तो अभ्यास शब्द, पदावली, वाक्य र अनुच्छेदका तहमा गराउन सकिन्छ (शर्मा र पौडेल २०७० पृ. १४९) । श्रुतिलेखनको अभ्यासबाट भाषाका सुनाइ र लेखाइ सिपको विकासमा मद्दत कार्य गर्दछ । साथै लेखन क्षमताको पनि विकास गराउँछ । यसले भाषा शिक्षणमा विद्यार्थीको वर्णविन्यास क्षमता, द्रुत लेखन क्षमता तथा श्रवण क्षमताको विकासमा मद्दत पु¥याउँछ ।

श्रुतिलेखन सुनाइ र लेखाइ सिपको विकास गर्ने एकीकृत प्रकृतिको एउटा अभ्यास हो । सिकारुको लेखन सिपको विकासका लागि सुनेर लेख्न लगाइने कार्य नै श्रुतिलेखन हो । यसमा विद्यार्थीले सुनेका आधारमा शब्द, पदावली, वाक्य, वाक्य समूह वा सिङ्गो अनुच्छेद लेख्ने अभ्यास गर्न सक्छ । शब्द तहमा गराइने श्रुतिलेखनमा वर्गगत भिन्नता छुट्याउन कठिन पर्ने खालका विभिन्न शब्दमा युग्महरू शिक्षकले उच्चारण गरी दिई उच्चारणगत र अर्थगत भिन्नताका आधारमा ती शब्दहरूको उपयुक्त वर्ण विन्यास गराइन्छ (अधिकारी २०६९ पृ. १३१) । यो श्रवण कलाको एउटा कार्यकलाप पनि हो । जसले लेखन कलालाई परिष्कार एवम् परिमार्जन गर्न सहयोग पु¥याउँछ। वक्ताले शैक्षिक सामग्रीलाई उच्चारण गर्ने र त्यसका आधारमा विद्यार्थीले लेख्नु नै श्रुतिलेखन हो । यसमा वक्ताले श्रुतिलेखनका लागि तयार पारिएको सामग्रीलाई मध्यम गतिमा उच्चारण गर्दछ । त्यसका आधारमा विद्यार्थीले लेख्ने गर्दछ । श्रुतिलेखन

गराउँदा शिक्षकले श्रुतिलेखनका लागि तयार पारेको सामग्रीलाई मध्यम गतिमा दुईपटक शुद्ध र स्पष्ट उच्चारण गरिदिनु पर्दछ । "मध्यम गतिमा दुईपटक शुद्ध र स्पष्ट उच्चारण गरी उच्चारण गरिएका शब्द, पदावली, वाक्यांश र वाक्यलाई सुनेर उपयुक्त विन्यास गर्ने कार्यलाई श्रुतिलेखन भनिन्छ ।" (ढकाल २०६९ पृ. १९०) । यसमा बालकको दिमाग, कान, हातका बिचमा समुचित सन्तुलन मिलाउनु आवश्यक हुन्छ । यसरी श्रुतिलेखन कार्यकलाप पनि लेखन र सुनाइ सिपसँग सम्बन्धित कार्यकलाप हो । सुनेका आधारमा लेखन लगाउने कार्यकलाप नै श्रुतिलेखन हो । वक्ताले कुनै दृष्टांश पाठबाट पढेका कुरालाई श्रोताले सुनेका आधारमा लेख्न लगाउने कार्य श्रुतिलेखन हो । साथै यसबाट भाषाका चारवटै सिप विकासमा सहयोग पुग्न जान्छ । यसरी समग्रमा हेर्दा श्रुतिलेखन भनेको वक्ताले उच्चारण गरेका आधारमा स्रोताले सुनेर लेख्ने कार्य हो । कुनै दृष्टांश पाठलाई श्रुतिलेखन कार्य गराउन सकिन्छ । श्रुतिलेखनमा सुनाइ र लेखाइ सिपको विकास एकीकृत रूपमा नै भएको हुन्छ । अर्थात यहाँ भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपको विकास एकीकृत रूपमा भएको हुन्छ । त्यसैले भाषा शिक्षणमा श्रुतिलेखनलाई महŒवपूर्ण कार्यकलापको रूपमा लिने गरिन्छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पत्ता लगाउनु, लैङ्गिक आधारमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनुका साथै श्रुतिलेखनमा हुने त्रुटिका कारण र निराकरणका उपायको खोजी गर्नु जस्ता उद्देश्य रहेका छन् ।

## पूर्वकार्यको समीक्षा

प्रस्तुत अध्ययन श्रुतिलेखन क्षमतासँग सम्बन्धित रहेको छ। यस अध्ययनमा पूर्वकार्यको समीक्षामा भाषिक सिपसँग सम्बन्धित अनुसन्धानको पुनरावलोकन गरिएको छ । (पौडेल, २०७६) ले शुद्ध नेपाली कसरी लेख्ने आधिकारिक नियमसम्बन्धी अध्ययनमा मानक प्रयोगलाई कुनै व्यक्ति प्रयोक्ताले आफ्ना लेखनमा उपेक्षा गर्न पनि सक्ला तर शैक्षिक संस्था, सहकारी, सञ्चार माध्यमहरू, सरकारी निकायहरू तथा यसका प्रयोक्ताहरूले पालना गर्नै पर्दछ। हाम्रा आधिकारिक निकाय भनेका नेपाल प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय र पाठ्यक्रम विकास केन्द्रहरू नै हुन्। यिनले प्रयोगमा ल्याएको मानक रूप नै आधिकारिक रूप हो। त्यसैगरी (अर्याल, सन् २०२४) ले वर्णविन्यासगत त्रुटि, कारण र समाधान शीर्षकको अध्ययनमा पाठ्यक्रम र पाठ्यपुस्तकका उद्देश्यमा केन्द्रित भएर शिक्षण गर्ने परम्परा अधिकांश विद्यालय र शिक्षकमा नहुनु, हरे क कक्षामा अव्यवस्थित रूपमा अशुद्ध सहयोगी पुस्तकहरू प्रकाशित हुनु, शिक्षकले पनि ती पुस्तकहरूको अधिकारिकता नबुझी तिनै पुस्तकलाई आधार मान्न जस्ता कारणले वर्णविन्यासगत त्रुटि हुन पुगेको निष्कर्ष निकालिएको छ । (भुसाल, सन् २०२३) भाषाशिक्षणका सापेक्षतामा त्रुटि विश्लेषण : सैद्धान्तिक अवधारणा, प्रक्रिया र प्रयोगसम्बन्धी अध्ययनमा मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाका 'क्ष' र 'छ', 'य' र 'ए', 'ण', अनुनासिक शब्द, आदिस्थानिक 'स' वर्ण लगायतको उच्चारणमा पनि त्रुटि गर्दछन् । मातृभाषी विद्यार्थीहरूलाई पनि तिनले गर्न सक्ने सम्भावित त्रुटि क्षेत्रको पहिचान गरी आवश्यकतानुसार वर्णगत, रूपगत, वाक्यगत, कोटि एवम् उपकोटिगत तहमा प्रशस्त अभ्यास गराउनु पर्दछ । यसबाट त्रुटिको निराकरणका अतिरिक्त विद्यार्थीहरूमा भाषिक दक्षताको समेत विकास गराउन सकिन्छ । सोडारी, (सन् २०२३). माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको वर्णविन्यासगत क्षमतासम्बन्धी अध्ययनमा वर्णविन्यासगत क्षेत्रहरू जस्तै ह्रस्वमात्रा, दीर्घमात्रा, चन्द्रविन्दु र शिरविन्दु, श ,ष र स वर्ण, पदयोग र पदवियोगको प्रयोगमा नेपाली इतरभाषी विद्यार्थीहरूले नेपाली भाषी विद्यार्थीहरूभन्दा बढी त्रुटि गरेको देखिन्छ । (खनिया, २०८०) स्नातकोत्तर तहका दोस्रो भाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा ह्रस्व–दीर्घ, श–ष–स, ब–व, चन्द्रविन्दु शिरविन्दु, अजन्त–हलन्त, ङ्–ञ्–न्–म्, पदयोग पदवियोगसम्बन्धी त्रुटिहरू गरेको पाइन्छ । उनीहरूले अत्यन्त प्रचलित शब्दमा पनि त्रुटि गरेको देखिन्छ। त्रुटिको प्रकृतिलाई हेर्दा दोस्रो भाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा नियमित र असावधानीगत त्रुटि गरेको देखिन्छ। उनीहरूलाई नेपाली वर्णविन्यासको सामान्य नियम पनि बोध नभएको देखिन्छ भने केही पक्षमा उनीहरू असचेत रहेको पाइन्छ ।

त्यसैगरी (अर्याल, सन् २०२४) ले वर्णविन्यासगत त्रुटि, कारण र समाधान शीर्षकको अध्ययनमा पाठ्यक्रम र पाठ्यपुस्तकका उद्देश्यमा केन्द्रित भएर शिक्षण गर्ने परम्परा अधिकांश विद्यालय र शिक्षकमा नहुनु, हरे क कक्षामा अव्यवस्थित रूपमा अशुद्ध सहयोगी पुस्तकहरू प्रकाशित हुनु, शिक्षकले पनि ती पुस्तकहरूको अधिकारिकता नबुझी तिनै पुस्तकलाई आधार मान्न जस्ता कारणले वर्णविन्यासगत त्रुटि हुन पुगेको निष्कर्ष निकालिएको छ। (खत्री, सन् २०२४) खस मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गरेका

त्रुटिको विश्लेषण अध्ययनमा खस भाषाका शब्दलाई नेपालीजस्तो बनाएर लेख्लाई लेक्दो, लेख्न्या; गर्लाई गर्दो गर्छ' जस्ता भिन्न ढङ्गले उच्चारण गरेको पाइयो। अकार वर्णलाई आकार गरेर उच्चारण गरेको पाइयो । यसरी खस मातृभाषी विद्यार्थीलाई नेपाली उच्चारणमा निकै कठिनाइ भएको, शब्दभण्डार र शब्दोच्चारणको लबज भिन्न भएकाले नेपाली भाषाका सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा त्रुटि हुने गरेको निष्कर्ष निकालिएको छ। (विष्ट, सन् २०२४) ले सरकारी निकायका सार्वजनिक सूचनामा प्रयुक्त भाषिक त्रुटि र त्यसको शैक्षणिक उपादेयता शीर्षकमा केन्द्रित रहेर अध्ययन गरेका छन् । यस अध्ययनमा नेपाली भाषाको मानक प्रयोग हुन नसक्नुका मुख्य कारणका रूपमा असावधानी, बेवास्ता, अज्ञानता, अङ्ग्रेजी भाषाप्रतिको मोह, मातृभाषाको प्रभाव रहेका छन् । भाषा सिकाइलाई सरल, सहज, व्यावहारिक र वैज्ञानिक बनाउन नखोज्नु जस्ता समस्याबाट भाषिक त्रुटि हुने निष्कर्ष निकालिएको छ । (शाह र भट्टराई, सन् २०२५) को सामाजकि विकास मन्त्रालय, कर्णाली प्रदेशबाट प्रकाशित प्रतिवेदनमा भएका भाषिक त्रुटिसम्बन्धी अध्ययनमा कार्यालयबाट प्रकाशित हुने प्रतिवेदन तथा सूचना लेखनका कार्यमा भाषासम्पादकलाई संलग्न गराउनुपर्ने, कम्प्युटर तथा लेख्य सामग्री निर्माण गर्ने कर्मचारीलाई समय समयमा नेपाली भाषासम्बन्धी तालिम तथा जानकारीमूलक कार्यक्रम आयोजना गर्नुपर्ने, नेपाली भाषाको वर्णविन्यासगत एकरूपताको आधार बनाइनुपर्ने निष्कर्ष निकालिएको छ ।

यसरी श्रुतिलेखनले भाषाका दुईवटा सिप सुनाइ र लेखाइ सिपको विकासमा मद्दत पु¥याउँछ । श्रुतिलेखनबाट एकातिर सुनाइ सिपको विकास हुन्छ भने अर्कातिर लेखाइ सिपको पनि विकास मा मद्दत पु¥याउँछ । सुनेका कुरालाई लेख्य रूपमा अभिव्यक्त गर्नु श्रुतिलेखनको मूल मर्म हो । भाषिक सिपको शृङ्खलाबद्ध अध्ययनका क्रममा सुनाइ र लेखाइ सिपको एकै साथ विकास हुन्छ । श्रुतिलेखन सुनेका कुरालाई वाक्यगठन मिलाएर लेख्न सक्ने क्षमताको मापन गर्न उपयोगी हुन्छ । त्यसैगरी बालबालिकाको दिमागी क्षमतालाई सन्तुलन गरी सक्षम बनाउन उपयोगी र महŒवपूर्ण स्थान ओगट्ने काम श्रुतिलेखनले गर्दछ । त्यसैले यसको अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ ।

यस अध्ययनले भाषिक शुद्धता ल्याउन सहयोग पुग्दछ । हालसम्म श्रुतिलेखन क्षमता सम्बन्धी अध्ययन भए तापनि यस नगरपालिकामा रहेका विद्यालयका कक्षा पाँचमा अध्ययन विद्यार्थीको श्रुतिलेखन क्षमता सम्बन्धी अध्ययन नगरिएकाले अनुसन्धानको अन्तराल देखिन्छ । यस अध्ययनले विद्यार्थीको लेखन क्षमतामा निखारता ल्याउन मद्दत गर्दछ । त्यसैगरी भाषा प्रयोगमा सरलता पनि हुने गर्दछ । श्रुतिलेखन क्रियाकलाप त सुनाइ र लेखाइ सिपको विकासमा मद्दत पु¥याउने महŒवपूर्ण कार्यकलाप रहेको छ । वक्ताले भनेका कुरा श्रोताले सुनेर त्यसलाई जस्ताको तस्तै लेख्ने कार्य श्रुतिलेखन भएकाले यो एक महŒवपूर्ण क्रियाकलापका रूपमा रहेको छ । श्रुतिलेखनले कुनै पनि व्यक्तिको अभिव्यक्ति पक्षलाई निखार्ने काम गर्दछ । त्यसैगरी व्यक्तिको भाषिक पक्षलाई त्रुटिरहित बनाउने भएकाले यस्ता पक्षको अध्ययन गर्नु आवश्यक छ । यस अध्ययनको शीर्षक नयाँ, मौलिक तथा समस्यामूलक र पहिलो अध्ययन भएकोले प्रस्तुत शीर्षकमा अध्ययन अनुसन्धान गर्न सान्दर्भिक देखिन्छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन सुर्खेत जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा केन्द्रित रहेको छ । यसरी प्रस्तुत अध्ययनको ढाँचा मिश्रित प्रकृतिको रहेको छ । अध्ययनको तथ्याङ्क सङ्कलनमा भाषिक त्रुटि पहिचानका लागि वीरेन्द्रनगरमा रहेका चारवटा विद्यालयका कक्षा पाँचमा अध्ययनरत प्रत्येक विद्यालयबाट १५÷१५ जना विद्यार्थीका दरले ६० जना विद्यार्थीलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । अध्ययनका लागि नमुना छनोट गर्दा सम्भावनायुक्त नमुना छनोटअन्तर्गत पर्ने सरल यादृच्छिक नमुना छनोटका रूपमा प्रचलित चिठ्ठा विधिको प्रयोग (लामिछाने र अन्य, २०६९, पृ. ७२) गरिएको छ । त्यसैगरी श्रुटिलेखनमा हुने भाषिक त्रुटिका कारण र त्यसको निराकरणका लागि उपायको खोजीका लागि अर्धसंरचनात्मक अन्तर्वाता लिइएको छ । यसमा सम्बन्धित विद्यालयका एक एक जना गरी जम्मा चारजना शिक्षक तथा मध्यपश्चिम विश्वविद्यालयका एक जना उपप्राध्यापक र सुर्खेत बहुमुखी क्याम्पसका एक जना उपप्राध्यापकसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कको व्याख्या गरिएको छ । यस अध्ययनका लागि छ जना शिक्षकलाई नमुना जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । जसको छनोटका लागि सम्भावनायुक्त नमुना छनोटको उपयोग (भण्डारी र अन्य, २०७५, पृ. ४४) गरिएको छ । यस अध्ययनमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषा विषय शिक्षण गर्दा श्रुतिलेखनमा गर्ने भाषिक त्रुटिहरूको शाब्दिक एवम् सङ्ख्यात्मक तथ्याङ्क लिइ त्यसको अध्ययन विश्लेषण गरिएको छ । श्रुतिलेखनका क्रममा विद्याथीले गर्ने त्रुटिलाई वर्णविन्यासमा (ह्रस्व दीर्घ १०, पदयोग, पदवियोग ५, ब–व, श–ष–स, ए–य ५, अजन्त र

हलन्त ५), विराम चिह्न ५, शुद्ध श्रवण अनुरूप लेख्नु १०, स्वरूपगत त्रुटि ५, मात्रात्मक लेखन ५ गरी जम्मा ५० पूर्णाङ्क निर्धारण गरिएको छ। नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित शब्दकोशलाई मानक नेपाली वर्णविन्यासको आधार मानी तार्किक विश्लेषण गरिएको छ ।

**व्याख्या र विश्लेषण**

प्रस्तुत अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमतामा केन्द्रित रहेको छ । विद्यार्थीले श्रुतिलेखनका क्रममा गरेका वर्णविन्यास, विराम चिह्न, शुद्ध श्रवण अनुरूप लेख्नु, स्वरूपगत त्रुटि, मात्रात्मक लेखनसम्बन्धी त्रुटिको विश्लेषण निम्नानुसार शीर्षक तथा उपशीर्षकका आधारमा गरिएको छ :

तालिका नं. १ :*विद्यालय 'क' का विद्यार्थीको श्रुतिलेखन क्षमता*

| **क्र. सं.** | **विद्यार्थीको नाम** | **वर्णविन्यास ह्रस्व दीर्घ** (१०) | पदयोग पद वियोग (५) | ब, व, श, ष, स, य, ए (५) | हलन्त र अजन्त (५) | **विराम चिन्ह (५)** | **शुद्ध श्रवण अनुरुप लेख्नु (१०)** | **स्वरूपगत त्रुटि (५)** | **मात्रात्मक लेखन (५)** | **जम्मा (५०)** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी १ | ८ | ४ | ४.५ | ४ | २.५ | ५ | ४ | ४ | ३६ |
| २ | विद्यार्थी २ | ७ | ३ | ३.५ | ३.५ | २.५ | ३ | २.५ | ४ | २९ |
| ३ | विद्यार्थी ३ | ९ | ४.५ | ४.५ | ४.५ | ४ | ९.५ | ५ | ५ | ४६ |
| ४ | विद्यार्थी ४ | ८ | ४ | ४ | ४ | २ | ८ | ५ | ४ | ३९ |
| ५ | विद्यार्थी ५ | ७ | ४ | ३ | ४ | ३ | ९ | ५ | ४ | ३९ |
| ६ | विद्यार्थी ६ | ७ | ३.५ | ३।५ | ४.५ | २ | ७ | ४.५ | ४ | ३६ |
| ७ | विद्यार्थी ७ | ९ | ४ | ४.५ | ४.५ | ३.५ | ९.५ | ५ | ५ | ४५ |
| ८ | विद्यार्थी ८ | ८.५ | ३.५ | ३.५ | ४ | ४ | ६.५ | ४ | ५ | ३९ |
| ९ | विद्यार्थी ९ | ८ | ४.५ | ५ | ४.५ | ४.५ | ९.५ | ५ | ५ | ४६ |
| १० | विद्यार्थी १० | ९ | ४.५ | ५ | ४.५ | ४ | ९ | ५ | ४.५ | ४५.५ |
| ११ | विद्यार्थी ११ | ६ | ३ | ३.५ | ४ | ३.५ | ३.५ | ३ | २ | २८.५ |
| १२ | विद्यार्थी १२ | ७ | ३ | २.५ | ३ | १.५ | ४ | ३ | ४ | २८ |
| १३ | विद्यार्थी १३ | २.५ | १ | १ | १ | ० | २.५ | १ | १ | १० |
| १४ | विद्यार्थी १४ | २.५ | १.५ | १ | १ | ० | २ | १ | १ | १० |
| १५ | विद्यार्थी १५ | ४ | ३ | ३ | ३ | २ | २ | २.५ | २.५ | २२ |
| जम्मा | | १०२.५ | ५१ | ५१ | ५४ | ३९ | ९० | ५५.५ | ५४.५ | ४९९ |
| औषत प्राप्ताङ्क | | ६.८३ | ३.४० | ३.४७ | ३.६० | २.६० | ६.०० | ३.७० | ३.६३ | ३३.२ |

प्रस्तुत अध्ययनमा विद्यालय 'क' बाट नमुना छनोटमा परेका १५ जना विद्यार्थीले प्राप्त गरेका अङ्कलाई मुख्य आधार बनाइ गरिएको अध्ययनमा वर्णविन्यासअन्तर्गत ह्रस्व दीर्घमा १० पूर्णाङ्क निर्धारण गरिएको छ । उक्त पूर्णाङ्कमा विद्यार्थीहरूले ह्रश्व दीर्घमा जम्मा १०२.५ अङ्क प्राप्त गरेका छन् । जसको प्रतिव्यक्ति औषत प्राप्ताङ्क ६.८३ हुन आउँछ । त्यसैगरी पदयोग र पदवियोगमा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा विद्यार्थीहरूले जम्मा ५१ अङ्क प्राप्त गरेका छन्। यसको प्रतिव्यक्ति औषत प्राप्ताङ्क ३.४० हुन आउँछ। त्यस्तै ब–व, ए–य, श–ष–स मा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा विद्यार्थीले जम्मा ५२ अङ्क प्राप्त गरेका छन्। यसको प्रतिव्यक्ति औषत प्राप्ताङ्क ३.४७ हुन आउँछ। विद्यार्थीको हलन्त र अजन्तको प्रयोगमा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा जम्मा ५४ अङ्क प्राप्त गरेका छन् । यसमा विद्यार्थीको औषत प्राप्ताङ्क ३.६० हुन आउँछ। विराम चिह्नको प्रयो‌ेगमा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा विद्यार्थीले जम्मा

३९ अङ्क प्राप्त गरेका छन् । यसमा औषत प्राप्ताङ्क २.६० हुन आउँछ । विद्यार्थीको अन्य भन्दा विराम चिह्नको प्रयोगमा त्यति राम्रो भने देखिदँैन । शुद्ध श्रवण अनुरूप लेख्नुलाई १० पूर्णाङ्कमा विभाजन गरिएको छ । जसमा विद्यार्थीहरूले जम्मा ९० अङ्क प्राप्त गरेका छन् । यसको औषत प्राप्ताङ्क ६ हुन आउँछ । त्यस्तै यस अध्ययनमा स्वरूपगत आधारमा त्रुटिका ५ अङ्क छुट्याइएकोमा प्रति विद्यार्थीहरूले जम्मा ५५.५ अङ््क प्राप्त गरेका छन् । यसको औषत प्राप्ताङ्क ३.७० हुन आउँछ । त्यस्तै मात्रात्मक लेखनमा विद्यार्थीहरूले जम्मा ५६ अङ्क प्राप्त गरेका छन् । जसको औषत प्राप्ताङ्क ३.७३ हुन आउँछ । यसरी हेर्दा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमतामा सबैभन्दा कम औषत प्रतिशत विराम चिह्नको प्रयोग र शुद्ध श्रवण अनुरूप नलेख्नुमा देखिन्छ भने सबैभन्दा वढी वर्ण विन्यास अन्तर्गत ह्रस्व दीर्घमा रहेको छ । विद्यालय 'क' का कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको मापन गर्दा ५० पूर्णाङ्ककमा प्रति विद्यार्थी ३३.२ औषत प्राप्ताङ् रहेको छ ।

तालिका नं. २ :*विद्यालय 'ख' का विद्यार्थीको श्रुतिलेखन क्षमता*

| **क्र.स** | **विद्यार्थीको नाम** | **वर्णविन्यास** | | | | **विराम चिह्न (५)** | **शुद्ध श्रवण अनुरूप लेख्नु (१०)** | **स्वरूपगत त्रुटि (५)** | **मात्रात्मक लेखन (५)** | **जम्मा (५०)** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ह्रस्व दीर्घ (१०) | पदयोग पद वियोग (५) | ब, व, श, ष, स, य, ए (५) | हलन्त र अजन्त (५) | | | | | |
| १ | विद्यार्थी १ | ९ | ३ | ३.५ | ४ | ३ | ५ | ३ | ४.५ | ३५ |
| २ | विद्यार्थी २ | २ | १ | १ | ० | १.५ | २ | १ | १.५ | १० |
| ३ | विद्यार्थी ३ | ९.५ | ३.५ | ४ | ४.५ | २ | ६ | २ | २.५ | ३४ |
| ४ | विद्यार्थी ४ | ९ | ४ | ५ | ४.५ | ३ | ५.५ | ३ | ४ | ३८ |
| ५ | विद्यार्थी ५ | ९.५ | ३.५ | ४.५ | ३.५ | ३ | ६.५ | २.५ | ४.५ | ३७.५ |
| ६ | विद्यार्थी ६ | ९.५ | ४.५ | ४.५ | ५ | ४ | ९.५ | ५ | ५ | ४२ |
| ७ | विद्यार्थी ७ | २ | १ | १ | १ | १ | २ | १ | १ | १० |
| ८ | विद्यार्थी ८ | ५.५ | २.५ | ३.५ | ४.५ | १ | ९ | ५ | ४.५ | ३५.५ |
| ९ | विद्यार्थी ९ | ७ | ३.५ | ४ | ३.५ | ३ | ८.५ | ४.५ | ४.५ | ३८.५ |
| १० | विद्यार्थी १० | ८.५ | ४ | ४.५ | ४.५ | ४ | ९ | ४.५ | ५ | ४४ |
| ११ | विद्यार्थी ११ | ७ | ३.५ | ३.५ | ४.५ | १.५ | ८ | ५ | ३ | ३६ |
| १२ | विद्यार्थी १२ | ७.५ | २.५ | ४ | ३.५ | ४ | ७.५ | १.५ | ३.५ | ३४ |
| १३ | विद्यार्थी १३ | ६ | २ | ४ | ३ | ३.५ | ६ | १ | ३.५ | २९ |
| १४ | विद्यार्थी १४ | ९ | ४ | ५ | ४ | ४ | ९ | ५ | ५ | ४५ |
| १५ | विद्यार्थी १५ | ९ | ४ | ४ | ४ | ३.५ | ७.५ | ५ | २ | ३९ |
| जम्मा | | ११० | ४६.५ | ५६ | ४९ | ४२ | १०१ | ४९ | ५४ | ५०७.५ |
| औषत प्राप्ताङ्क | | ७.३३ | ३.१० | ३.७३ | ३.२७ | २.८० | ६.७३ | ३.२७ | ३.६० | ३३.८ |

विद्यालय 'ख' का नमुना छनोटमा परेका १५ जना विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन गरिएको छ । जसमा वर्णविन्यास अन्तर्गत ह्रस्व दीर्घमा १० पूर्णाङ्क निर्धारण गरिएकोमा जम्मा ११० अङ्क प्राप्त गरेका छन् । प्रतिव्यक्ति औषत प्राप्ताङ्क ७.३३ हुन आउँछ । त्यसैगरी पदयोग र पदवियोगमा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा विद्यार्थीहरूले जम्मा ४६.५ अङ्क प्राप्त गरेका छन् । यसको प्रतिव्यक्ति औषत प्राप्ताङ्क ३.१० हुन आउँछ । त्यस्तै ब–व, ए–य, श–ष–स मा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा विद्यार्थीले जम्मा ५६ अङ्क प्राप्त गरेका छन् । यसको प्रतिव्यक्ति औषत प्राप्ताङ्क ३.७३ हुन आउँछ । विद्यार्थीको हलन्त र अजन्तको प्रयोगमा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा जम्मा ४९ अङ्क प्राप्त गरेका छन् । यसमा विद्यार्थीको औषत प्राप्ताङ्क ३.२७ हुन आउँछ । विराम चिह्नको प्रयोेगमा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा विद्यार्थीले जम्मा ४२ अङ्क प्राप्त गरेका छन् । यसमा औषत प्राप्ताङ्क २.८० हुन आउँछ ।

त्यस्तै शुद्ध श्रवण अनुरूप लेख्नुलाई १० पूर्णाङ्क विभाजन गरिएकोमा विद्यार्थीहरूले जम्मा १०१ अङ्क प्राप्त गरेका छन् । यसको औषत प्राप्ताङ्क ६.७३ हुन आउँछ । त्यस्तै स्वरूपगत आधारमा ५ पूर्णाङ्कमा विभाजन गरिएकोमा विद्यार्थीहरूले जम्मा ४९ अङ्क प्राप्त गरेका छन् । यसको औषत प्राप्ताङ्क ३.२७ हुन आउँछ । त्यस्तै मात्रात्मक लेखनमा विद्यार्थीहरूले जम्मा ५४ अङ्क प्राप्त गरेका छन् । यसको औषत प्राप्ताङ्क ३.६० हुन आउँछ । यसरी हेर्दा विद्यालय 'ख' का कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमतामा सबैभन्दा कम औषत प्राप्ताङ्क विराम चिह्नको प्रयोगमा औषत प्राप्ताङ्क २.८० अङ्क रहेको छ भने सबैभन्दा बढी औषत प्राप्ताङ्क ३.७३ अङ्क वर्ण विन्यास अन्तर्गत ब–व, ए–य, श–ष–स मा रहेको छ । हस्तवीर आधारभूत विद्यालयको कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको मापन गर्दा कुल ५० पूर्णाङ्कमा औषत प्राप्ताङ्क ३३.८ रहेको छ ।

तालिका नं. ३ *:विद्यालय 'ग' का विद्यार्थीको श्रुतिलेखन क्षमता*

| **क्र.स** | **विद्यार्थीको नाम** | **वर्णविन्यास** हृस्व दीर्घ (१०) | पदयोग पद वियोग (५) | ब, व, श, ष, स, य, ए (५) | हलन्त र अजन्त (५) | **विराम चिह्न (५)** | **शुद्ध श्रवण अनुरूप लेख्नु (१०)** | **स्वरूपगत त्रुटि (५)** | **मात्रात्मक लेखन (५)** | **जम्मा (५०)** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी १ | ९ | ४ | ४.५ | ३.५ | ३.५ | ९.५ | ५ | ४.५ | ४३.५ |
| २ | विद्यार्थी २ | २ | १ | १ | १ | १ | २ | १ | १ | १० |
| ३ | विद्यार्थी ३ | २ | २ | २.५ | २ | १.५ | १ | २ | १ | १४ |
| ४ | विद्यार्थी ४ | ९ | ३.५ | ४.५ | ४ | २.५ | ५ | ४.५ | ३ | ३६ |
| ५ | विद्यार्थी ५ | ४ | २.५ | ३ | २ | १.५ | २ | २ | २ | १९ |
| ६ | विद्यार्थी ६ | ४.५ | ३ | ३ | २.५ | २ | ७ | ३ | ३ | २८ |
| ७ | विद्यार्थी ७ | ७ | ३ | १.५ | २ | ३.५ | ४ | ४ | ४ | २९ |
| ८ | विद्यार्थी ८ | ८ | २ | ४ | ३.५ | ३ | ४.५ | ४ | ४ | ३३ |
| ९ | विद्यार्थी ९ | ७.५ | ३ | ४ | ३ | ५ | ४ | ४ | ४ | ३४.५ |
| १० | विद्यार्थी १० | ९ | ३ | ४ | २ | ३ | ७ | ४ | ४ | ३६ |
| ११ | विद्यार्थी ११ | ८ | ३.५ | ४ | ५ | ३ | ८.५ | ५ | ४ | ४१ |
| १२ | विद्यार्थी १२ | ८ | ३ | २.५ | ४ | ३.५ | ८ | ५ | ४ | ३८ |
| १३ | विद्यार्थी १३ | ८ | ३ | २.५ | ४ | ४ | ७ | ५ | ४ | ३७.५ |
| १४ | विद्यार्थी १४ | ७.५ | २ | ४ | ४.५ | ३ | ८ | २ | ३ | ३४ |
| १५ | विद्यार्थी १५ | ८.५ | ३ | ४ | ५ | ३ | ७.५ | ४ | ४ | ३९ |
| जम्मा | | १०२ | ४१.५ | ४९ | ४८ | ४३ | ८५ | ५४.५ | ४९.५ | ४७२.५ |
| औषत प्राप्ताङ्क | | ६.८० | २.७७ | ३.२७ | ३.२० | २.८७ | ५.६७ | ३.६३ | ३.३० | ३१.५ |

माथिको तालिका अनुसार विद्यालय 'ग' का नमुना छनोटमा परेका १५ जना विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन गरिएको छ । जसमा विद्यार्थीले प्राप्त गरेका अङ्कलाई मुख्य आधार बनाइ वर्णविन्यास अन्तर्गत ह्रस्व दीर्घमा १० पूर्णाङ्कमा विद्यार्थीहरूले जम्मा १०२ अङ्क प्राप्त गरेका छन् । जसको प्रतिव्यक्ति औषत प्राप्ताङ्क ६.८० हुन आउँछ । त्यसैगरी पदयोग र पदवियोगमा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा विद्यार्थीहरूले जम्मा ४१.५ अङ्क प्राप्त गरेका छन् । प्रतिव्यक्ति औषत प्राप्ताङ्क २.७७ हुन आउँछ । त्यस्तै ब–व, ए–य, श–ष–स मा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा विद्यार्थीले जम्मा ४९ अङ्क प्राप्त गरेका छन् । यसको प्रतिव्यक्ति औषत प्राप्ताङ्क ३.२७ हुन आउँछ । विद्यार्थीको हलन्त र अजन्तको प्रयोगमा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा जम्मा ४८ अङ्क प्राप्त गरेका छन् । यसमा विद्यार्थीको औषत प्राप्ताङ्क ३.२० हुन आउँछ । विराम चिह्नको प्रयोगमा ५ पूर्णाङ्क निर्धारण गरिएकोमा विद्यार्थीले जम्मा ४३ अङ्क प्राप्त गरेका छन् । यसमा औषत प्राप्ताङ्क २.८७ हुन आउँछ । यस अध्ययनमा विद्यार्थीले शुद्ध श्रवण

अनुरूप लेख्नुलाई १० पूर्णाङ्कमा विद्यार्थीहरूले जम्मा ८५ अङ्क प्राप्त गरेका छन्। यसको औषत प्राप्ताङ्क ५.६७ हुन आउँछ। त्यस्तै स्वरूपगत आधारमा ५ पूर्णाङ्कमा विद्यार्थीहरूले जम्मा ५४.५ अङ्क प्राप्त गरेकोमा औषत प्राप्ताङ्क ३.६३ हुन आउँछ। त्यस्तै मात्रात्मक लेखनमा विद्यार्थीहरूले जम्मा ४९.५ अङ्क प्राप्त गरेका छन्। यसको औषत प्राप्ताङ्क ३.३० हुन आउँछ। यसरी हेर्दा विद्यालय 'ख' का कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमतामा सबैभन्दा कम पदयोग र पदवियोगमा औषत प्राप्ताङ्क २.७७ र सबैभन्दा बढी स्वरूपगत त्रुटिमा औषत प्राप्ताङ्क ३.६३ रहेको छ। समग्रमा यस विद्यालयको कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमता औषत प्राप्ताङ्क ३१.५ रहेको छ।

तालिका नं. ४: *विद्यालय 'घ' विद्यार्थीको श्रुतिलेखन क्षमता*

| **क्र.स** | **विद्यार्थीको नाम** | **वर्णविन्यास** | | | | **विराम चिह्न (५)** | **शुद्ध श्रवण अनुरूप लेख्नु (१०)** | **स्वरूपगत त्रुटि (५)** | **मात्रात्मक लेखन (५)** | **जम्मा (५०)** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ह्रस्व दीर्घ (१०) | पदयोग र पदवियोग - %_ | ब, व, श, ष, स, य, ए (५) | हलन्त र अजन्त (५) | | | | | |
| १ | विद्यार्थी १ | ९ | ३ | ४.५ | ४.५ | ३.५ | ७.५ | २ | ३.५ | ३७.५ |
| २ | विद्यार्थी २ | ८ | २.५ | ३.५ | ४ | ३ | ८.५ | ४ | ४ | ३७.५ |
| ३ | विद्यार्थी ३ | ७.५ | ४ | १ | ३.५ | ३.५ | ७.५ | ४ | ३.५ | ३४.५ |
| ४ | विद्यार्थी ४ | ८ | ३.५ | ४ | ४.५ | ३ | ९ | ४.५ | ४.५ | ४१ |
| ५ | विद्यार्थी ५ | ७.५ | ३.५ | २.५ | ४ | २ | ७ | ३.५ | ३ | ३३ |
| ६ | विद्यार्थी ६ | ६ | ३.५ | ३.५ | ४ | ३ | ७ | ४ | ४ | ३५ |
| ७ | विद्यार्थी ७ | ६ | ४ | ३ | ४.५ | २ | ३ | ३.५ | ३ | २९ |
| ८ | विद्यार्थी ८ | ८.५ | २ | ३ | ४.५ | २.५ | ७.५ | ३.५ | ४ | ३५.५ |
| ९ | विद्यार्थी ९ | ९ | ३ | ३.५ | ४ | ३ | ८.५ | ४.५ | ४ | ३९.५ |
| १० | विद्यार्थी १० | ९.५ | २.५ | ३.५ | ४ | ३.५ | ८ | ४ | ४ | ३९ |
| ११ | विद्यार्थी ११ | ९ | ३.५ | ५ | ४.५ | १.५ | ९.५ | ५ | ४ | ४२ |
| १२ | विद्यार्थी १२ | ९ | ३.५ | ४.५ | ४.५ | ३ | ८.५ | ४ | ४ | ४१ |
| १३ | विद्यार्थी १३ | ८ | ३ | ४ | ४ | ३ | ७ | ४ | ५ | ३८ |
| १४ | विद्यार्थी १४ | २ | १ | १ | १ | १ | २ | १ | २ | ११ |
| १५ | विद्यार्थी १५ | २ | १ | १ | १ | १ | १ | १ | २ | १० |
| जम्मा | | १०९ | ४३.५ | ४७.५ | ५६.५ | ३८.५ | १०१.५ | ५२.५ | ५४.५ | ५०३.५ |
| औषत प्राप्ताङ्क | | ७.२७ | २.९० | ३.१७ | ३.७७ | २.५७ | ६.७७ | ३.५० | ३.६३ | ३३.६ |

माथिको तालिकामा विद्यालय 'घ' का नमुना छनोटमा परेका १५ जना विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन गरिएको छ। जसमा विद्यार्थीले प्राप्त गरेको अङ्कलाई मुख्य आधार बनाइ वर्णविन्यास अन्तर्गत ह्रस्व दीर्घमा जम्मा १०९ अङ्क प्राप्त गरेका छन्। जसको प्रतिव्यक्ति औषत प्राप्ताङ्क ७.२७ हुन आउँछ। त्यसैगरी पदयोग र पदवियोगमा विद्यार्थीहरूले जम्मा ४३.५ अङ्क प्राप्त गरेका छन्। जसको प्रतिव्यक्ति औषत प्राप्ताङ्क २.९० हुन आउँछ। त्यस्तै ब–व, ए–य, श–ष–स मा विद्यार्थीले जम्मा ४७.५ अङ्क प्राप्त गरेकोमा प्रतिव्यक्ति औषत प्रतिशत ३.१७ हुन आउँछ। विद्यार्थीको हलन्त र अजन्तको प्रयोगमा जम्मा ५६.५ अङ्क प्राप्त गरेका छन्। यसमा विद्यार्थीको औषत प्रतिशत ३.७७ हुन आउँछ। यस अध्ययनमा विराम चिह्नको प्रयोगमा विद्यार्थीले जम्मा ३८.५ अङ्क प्राप्त गरेका छन्। यसमा औषत प्राप्ताङ्क २.५७ हुन्छ। त्यस्तै शुद्ध श्रवण अनुरूप लेख्नुमा विद्यार्थीहरूले जम्मा १०१.५ अङ्क प्राप्त गरेका छन्। जसको औषत प्राप्ताङ्क ६.७७ हुन आउँछ। त्यस्तै स्वरूपगत त्रुटिका आधारमा विद्यार्थीहरूले जम्मा ५२.५ अङ्ःक प्राप्त गरेकोमा औषत प्राप्ताङ्क ३.५० हुन आउँछ। त्यस्तै मात्रात्मक लेखनमा विद्यार्थीहरूले जम्मा ५४.५ अङ्क प्राप्त गरेका छन्। औषत प्राप्ताङ्क ३.६३ हुन आउँछ। यसरी हेर्दा विद्यालय 'घ' का कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमतामा सबैभन्दा कम

औषत प्राप्ताङ्क विराम चिह्नमा २.८० रहेको छ भने सबैभन्दा बढी ह्रस्व दीर्घमा औषत प्राप्ताङ्क ७.२७ रहेको छ । समग्रमा यस विद्यालयको कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमतामा औषत प्राप्ताङ्क ३३.६ रहेको छ ।

**समग्र विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता**


प्रस्तुत अध्ययन गर्ने क्रममा सुर्खेत जिल्लाका नमुना छनोटमा जम्मा चारवटा विद्यालयमध्ये दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययनमा विभिन्न प्रश्नावलीका आधारमा प्राप्ताङ्कको पहिचान गरी त्यसको समग्र स्थितिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ५:*समग्र विद्यार्थीको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| **श्रेणी निर्धारण** | **कुल सङ्ख्या** | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| २० अङ्क भन्दा कम (निम्न) | ९ | १५ |
| २०–३० अङ्क (मध्यम) | ७ | ११.६६ |
| ३०–४० अङ्क (उत्तम) | ३२ | ५३.३४ |
| ४० अङ्कदेखि माथि (अतिउत्तम) | १२ | २० |
| जम्मा | ६० | १०० |

माथिको तालिकाअनुसार नमुना छनोटमा परेका दुई सामुदायिक तथा दुई संस्तागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत ६० जना विद्यार्थीको श्रुतिलेखन कार्य गरिएको छ । समग्र विद्यार्थीको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । चार श्रेणीमध्ये ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थीलाई निम्न, ४०–६० प्रतिशत अङ्क ल्याउने विद्यार्थीलाई मध्यम, ६०–८० अङ्क ल्याउने विद्यार्थीलाई उत्तम र ८० भन्दामाथि अतिउत्तम श्रेणी मानिएको छ । जस अनुसार ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी ९ जना अर्थात १५ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ४०–६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ७ जना अर्थात ११.६६ प्रतिशत रहेको छ । ६०–८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ३२ जना अर्थात ५३.३४ प्रतिशत रहेका छन् । त्यसैगरी ८० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थी १२ जना अर्थात २० प्रतिशत रहेका छन् । उक्त तालिकालाई आधार मान्दा ६०–८० प्रतिशत अर्थात ३० भन्दा माथि र ४० भन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३२ रहेका छन् । जुन सङ्ख्या सबैभन्दा बढी रहेको प्रष्ट देखिन्छ । समग्रमा सुर्खेत जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उत्तम स्तरको रहेको छ । जसलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

चित्र नं. १ :*समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्तम्भ चित्र*



प्रस्तुत तालिकाबाट के स्पष्ट हुन्छ भने अध्ययनमा परेका ६० जना विद्यार्थीमध्ये सबैभन्दा कम मध्यम ११.६६ प्रतिशत विद्यार्थी रहेका छन् । त्यस्तै सबैभन्दा बढी उत्तम ५३.३४ प्रतिशत विद्यार्थी रहेका छन् । समग्रमा सुर्खेत जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उत्तम स्तरको रहेको छ ।

**लैङ्गिकताका आधारमा छात्रछात्राको श्रुतिलेखन क्षमताको तुलना**

तालिका नं. ६:*सामुदायिक विद्यालयका छात्रछात्राको श्रुतिलेखन क्षमताको तुलना*

| श्रेणी निर्धारण | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० अङ्क भन्दा कम (निम्न ) | – | – | ४ | २६.६७ | ४ | १३.३३ |
| २०–३० अङ्क (मध्यम) | ३ | २०.०० | २ | १३.३३ | ५ | १६.६७ |
| ३०–४० अङ्क (उत्तम ) | ७ | ४६.६७ | ७ | ४६.६७ | १४ | ४६.६७ |
| ४० अङ्कदेखि माथि (अतिउत्तम) | ५ | ३३.३३ | २ | १३.३३ | ७ | २३.३३ |
| जम्मा | १५ | १००.०० | १५ | १००.०० | ३० | १००.०० |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालय कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन लैङ्गिकताका आधारमा गरिएको छ । श्रुतिलेखनका क्रममा लिइएको तथ्याङ्कमा छात्र छात्राको आधारमा तुलना गरिएको छ । यस अध्ययनमा ७ जनाले अर्थात ४६.६७ प्रतिशत छात्र छात्राले उत्तम श्रेणीको अङ्क प्राप्त गरेका छन् । अतिउत्तम श्रेणीको आधारमा हेर्दा छात्र ५ जना अर्थात ३३.३३ प्रतिशत रहेका छन् भने छात्रा २ जना अर्थात १३.३३ प्रतिशत रहेका छन् । यस आधारमा छात्रको तुलनामा छात्राको श्रुतिलेखन क्षमता कमजोर रहेको छ ।

**संस्थागत विद्यालयका छात्रछात्राको श्रुतिलेखन क्षमताको तुलना**

तालिका नं. ७: *संस्थागत विद्यालयका छात्रछात्राको श्रुतिलेखन क्षमताको तुलना*

| श्रेणी निर्धारण | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० अङ्क भन्दा कम (निम्न ) | २ | १३.३३ | ३ | २०.०० | ५ | १६.६७ |
| २०–३० अङ्क (मध्यम) | ३ | २०.०० | ० | ० | ३ | १०.०० |
| ३०–४० अङ्क (उत्तम ) | ८ | ५३.३४ | ९ | ६०.०० | १७ | ५६.६६ |
| ४० अङ्कदेखि माथि (अतिउत्तम) | २ | १३.३३ | ३ | २०.०० | ५ | १६.६७ |
| जम्मा | १५ | १००.०० | १५ | १००.०० | ३० | १००.०० |

माथिको तालिकाअनुसार संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन लैङ्गिकताका आधारमा गरिएको छ । प्रस्तुत अध्ययनमा श्रुतिलेखनका क्रममा लिइएको तथ्याङ्कमा छात्र छात्राको आधारमा तुलना गरिएको छ । यस अध्ययनमा ८ जना अर्थात ५३.३४ प्रतिशत छात्रले मध्यम श्रेणीको अङ्क प्राप्त गरेका छन् भने ९ जना अर्थात ६० प्रतिशतले उत्तम अङ्क प्राप्त गरेका छन् । जसमा छात्राको तुलनामा छात्रको श्रुतिलेखन क्षमता कमजोर रहेको पाइन्छ । अतिउत्तम श्रेणीको अङ्क प्राप्त गर्ने छात्र २ जना १३.३३ प्रतिशत रहेका छन् भने छात्रा ३ जना अर्थात २० प्रतिशत रहेका छन् । यस आधारमा छात्राको तुलनामा छात्रको श्रुतिलेखन क्षमता कमजोर रहेको छ ।

तालिका नं. ८: *समग्र विद्यालयका छात्रछात्राको श्रुतिलेखन क्षमताको तुलना*

| श्रेणी निर्धारण | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० अङ्क भन्दा कम (निम्न ) | २ | ६.६७ | ७ | २३.३३ | ९ | १५.०० |
| २०–३० अङ्क (मध्यम) | ६ | २०.०० | २ | ६.६७ | ८ | १३.३३ |
| ३०–४० अङ्क (उत्तम ) | १५ | ५०.०० | १६ | ५३.३३ | ३१ | ५१.६७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० अङ्कदेखि माथि (अतिउत्तम) | ७ | २३.३३ | ५ | १६.६६ | १२ | २०.०० |
| जम्मा | ३० | १००.०० | ३० | १००.०० | ६० | १००.०० |

माथिको तालिकाअनुसार समग्र छात्र छात्रा विद्यार्थीको तुलना गरिएको छ । प्रस्तुत अध्ययनमा श्रुतिलेखनका क्रममा लिइएको तथ्याङ्कमा छात्र छात्राको आधारमा तुलना गरिएको छ । यसमा १५ जना अर्थात ५० प्रतिशत छात्रले मध्यम श्रेणीको अङ्क प्राप्त गरेका छन् भने १६ जना अर्थात ५३.३३ प्रतिशतले उत्तम अङ्क प्राप्त गरेका छन् । यसमा छात्राको तुलनामा छात्रको श्रुतिलेखन क्षमता कमजोर रहेको पाइन्छ । अतिउत्तम श्रेणीको अङ्क प्राप्त गर्ने छात्र ७ जना अर्थात २३.३३ प्रतिशत रहेका छन् भने छात्रा ५ जना अर्थात १६.६६ प्रतिशत रहेका छन् । यस आधारमा छात्रको तुलनामा छात्राको श्रुतिलेखन क्षमता कमजोर रहेको छ ।

निष्कर्ष विद्यार्थीको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । चार श्रेणीमध्ये ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थीलाई निम्न, ४०–६० प्रतिशत अङ्क ल्याउने विद्यार्थीलाई मध्यम, ६०–८० अङ्क ल्याउने विद्यार्थीलाई उत्तम र ८० भन्दामाथि अतिउत्तम श्रेणी मानिएको छ । जस अनुसार ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी ९ जना अर्थात १५ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ४०–६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ७ जना अर्थात ११.६६ प्रतिशत रहेको छ । ६०–८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ३२ जना अर्थात ५३.३४ प्रतिशत रहेका छन् । त्यसैगरी ८० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थी १२ जना अर्थात २० प्रतिशत रहेका छन् । उक्त तालिकालाई आधार मान्दा ६०–८० प्रतिशत अर्थात ३० भन्दा माथि र ४० भन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३२ रहेका छन् । जुन सङ्ख्या सबैभन्दा बढी रहेको प्रष्ट देखिन्छ । अध्ययनमा परेका ६० जना विद्यार्थीमध्ये सबैभन्दा कम मध्यम ११.६६ प्रतिशत विद्यार्थी रहेका छन् । त्यस्तै सबैभन्दा बढी उत्तम ५३.३४ प्रतिशत विद्यार्थी रहेका छन् । यस अध्ययनमा ७ जनाले अर्थात ४६.६७ प्रतिशत छात्र छात्राले उत्तम श्रेणीको अङ्क प्राप्त गरेका छन् । अतिउत्तम श्रेणीको आधारमा हेर्दा छात्र ५ जना अर्थात ३३.३३ प्रतिशत रहेका छन् भने छात्रा २ जना अर्थात १३.३३ प्रतिशत रहेका छन् । यसमा १५ जना अर्थात ५० प्रतिशत छात्रले मध्यम श्रेणीको अङ्क प्राप्त गरेका छन् भने १६ जना अर्थात ५३.३३ प्रतिशतले उत्तम अङ्क प्राप्त गरेका छन् । यसमा छात्राको तुलनामा छात्रको श्रुतिलेखन क्षमता कमजोर रहेको पाइन्छ । अतिउत्तम श्रेणीको अङ्क प्राप्त गर्ने छात्र ७ जना अर्थात २३.३३ प्रतिशत रहेका छन् भने छात्रा ५ जना अर्थात १६.६६ प्रतिशत रहेका छन् । यस आधारमा छात्रको तुलनामा छात्राको श्रुतिलेखन क्षमता कमजोर रहेको छ । सुर्खेत जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उत्तम स्तरको रहेको छ । लैङ्गिकताका आधारमा छात्रको तुलनामा छात्राको श्रुतिलेखन क्षमता कमजोर रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन लैङ्गिकताका आधारमा गरिएको छ । आधारमा छात्राको तुलनामा छात्रको श्रुतिलेखन क्षमता कमजोर रहेको छ । समग्रमा छात्रको तुलनामा छात्राको श्रुतिलेखन क्षमता कमजोर रहेको छ ।

**श्रुतिलेखनमा त्रुटि हुने कारण**

प्रस्तुत अध्ययनमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनमा विद्यार्थीले विभिन्न वर्णविन्यासगत त्रुटि गरेका छन् । श्रुतिलेखनका क्रममा विद्याथीले गर्ने त्रुटिलाई वर्णविन्यासमा (ह्रस्वदीर्घ, पदयोग, पदवियोग, ब–व, श–ष–स, ए–य, अजन्त र हलन्त), विराम चिह्न, शुद्ध श्रवण अनुरूप लेख्नु, स्वरूपगत त्रुटि, मात्रात्मक लेखन रहेका छन् । यहाँ विद्यार्थीहरूको श्रुतिलेखनमा त्रुटि हुने कारणका सम्बन्धमा शिक्षक तथा विज्ञसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार रहेका छन् :

> शिक्षक ‘क’ श्रुतिलेखन गराउँदा विद्यार्थीले ध्यानपूर्वक नसुन्नु, कक्षा शिक्षणमा श्रुतिलेखन कार्यलाई नियमित रूपमा उतार्न नसक्नु, विद्यार्थीले वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगर्नु, श्रुतिलेखनमा विद्यार्थीहरूले भाषिकागत त्रुटि गर्नु तथा लेखन कार्यलाई बेवास्ता गर्नु जस्ताका कारण विद्यार्थीको श्रुतिलेखन क्षमता कमजोर हुन्छ ।
>
> शिक्षक ‘ख’ विद्यार्थीले श्रुतिलेखनमा त्रुटि गर्ने कारणहरू लेखन कार्य गर्दा बोझ मान्नु, वर्णविन्यास नियमको ख्याल नगर्नु तथा बेवास्ता गर्नु, श्रुतिलेखन गराउँदा विद्यार्थीले ध्यानपूर्वक नसुन्नु, विद्यार्थीहरू श्रुतिलेखनको महŒवबारे स्पष्ट नहुनु पर्दछन् ।
>
> शिक्षक ‘ग’ विद्यार्थीहरूले श्रुतिसमभिन्नार्थक शब्दमा ख्याल नगर्दा वर्णविन्यासगत त्रुटि देखापर्नु, श्रुतिलेखन पश्चात् विद्यार्थीले गरेका गल्ती सङ्कलन गरी त्यसको निराकरणात्मक शिक्षणमा कमी हुनु जस्ता कारण रहेका छन् ।

शिक्षक 'घ' अरुले भनेका कुरा सुनेर शुद्ध लेख्ने बानीको विकास नहुनु, विद्यार्थीले लेखनका क्रममा भाषिकागत प्रभाव पर्नु, श्रुतिलेखन गराउँदा विद्यार्थीले ध्यानपूर्वक नसुन्नु जस्ता कारण रहेका छन् ।

शिक्षक 'ङ' श्रुतिलेखनका क्रियाकलाप कम हुनु, भाषा पाठ्यपुस्तकको अध्ययनमा कमी, विद्यार्थीहरूले संयुक्त वर्ण लेख्न अलमलिनु, 'द्वारा' का ठाउँमा 'द्धारा' लेख्नु, श्रुतिलेखनका क्रममा त्रुटि भएका शब्द तथा वाक्य पटक पटक नलेख्नु, भाषापाठ्यपुस्तक तथा पाठ्यक्रममा मात्र केन्द्रित भएर शिक्षण गर्ने परम्परा अधिकांश विद्यालयमा र शिक्षकमा नहुनु आदि कारण रहेका छन् ।

शिक्षक 'च' विद्यार्थीलाई भाषा अशुद्ध हुँदा भाषामा त्यसले पार्ने प्रभावका बारेमा जानकारी नहुनु, असावधानी, बेवास्ता, अङ्ग्रेजी भाषाको प्रभाव, विद्यार्थीबिच श्रुतिलेखनमा प्रतिस्पर्धा नगरिनु, मानक नेपाली भाषाको प्रयोग सम्बन्धी द्विविधाका कारण रहेका छन् ।

यसरी समग्रमा श्रुतिलेखनमा भाषिक त्रुटि हुने कारणहरूमा विद्यार्थीले ध्यानपूर्वक नसुन्नु, कक्षा शिक्षणमा श्रुतिलेखन कार्यलाई नियमित रूपमा उतार्न नसक्नु, विद्यार्थीले वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगर्नु, श्रुतिलेखनमा विद्यार्थीहरूले भाषिकागत त्रुटि गर्नु तथा लेखन कार्यलाई बेवास्ता गर्नु जस्ताका कारण रहेकोमा शिक्षकररूले स्वीकार गरेका छन् । त्यसैगरी श्रुतिलेखन क्षमता कमजोर हुने अन्य कारणहरूमा श्रुतिलेखन कार्य गर्दा बोझ मान्नु, बेवास्ता गर्नु, श्रुतिलेखन गराउँदा विद्यार्थीले ध्यानपूर्वक नसुन्नु, विद्यार्थीहरू श्रुतिलेखनको महŒवबारे स्पष्ट नहुनु जस्ता कारण विद्यार्थीको श्रुतिलेखन क्षमता कमजोर हुन गएको छ । विद्यार्थीहरूले श्रुतिसमभिन्नार्थक शब्दमा ख्याल नगर्दा वर्णविन्यासगत त्रुटि देखापर्नु, अरुले भनेका कुरा सुनेर शुद्ध लेख्ने बानीको विकास नहुनु भाषा पाठ्यपुस्तकको अध्ययनमा कमी हुनु पनि श्रुतिलेखनमा त्रुटि हुने कारण हुन् । विद्यार्थीहरूले संयुक्त वर्ण लेख्न अलमलिनु, श्रुतिलेखनका क्रममा त्रुटि भएका शब्द तथा वाक्य पटक पटक नलेख्नु तथा मानक नेपाली भाषाको प्रयोग सम्बन्धी द्विविधा हुनु जस्ता कारण रहेका छन् ।

**श्रुतिलेखनमा गर्ने त्रुटि निराकरणका उपाय**

प्रस्तुत अध्ययनमा वर्णविन्यास अन्तर्गत ह्रस्वदीर्घ, पदयोग र पद वियोग, ब–व, श–ष–स, य–ए को प्रयोग र हलन्त र अजन्तको प्रयोगसम्बन्धी त्रुटिको अध्ययन गरिएको छ । त्यसैले श्रुतिलेखन कार्यलाई व्यवस्थित एवम् नियमवद्ध गराउन श्रुतिलेखनमा देखिएका कमजोरी निकारणका लागि शिक्षकसँग लिइएको अन्तर्वाताबाट प्रास्त उपायलाई निम्नानुसारका प्रस्तुत गरिएको छ :

शिक्षक 'क'- श्रुतिलेखन गराउदा ध्यानपूर्वक सुन्न आग्रह गर्ने र शान्त वातावरण कायम गराउनु पर्ने, श्रुतिलेखन गराउँदा विद्यार्थीले ध्यानपूर्वक सुन्नेर लेख्नुपर्ने, कक्षा शिक्षणमा श्रुतिलेखन कार्यलाई नियमित रूपमा उतार्न उतार्नुपर्ने, विद्यार्थीले वर्णविन्यास सम्बन्धी नियमसम्बन्धी अध्ययन गर्नुपर्ने, श्रुतिलेखन गर्दा कार्यलाई बेवास्ता नगरी भाषिक निखार्ता ल्याउनुपर्ने जस्ता उपाय अपनाउन सकिन्छ ।

शिक्षक 'ख' -विद्यार्थीले श्रुतिलेखनमा त्रुटि गर्ने निराकरणका लागि श्रुतिलेखन कार्य गर्दा बोझ नमानी भाषिक शुद्धताको आधारका रूपमा लिइनुपर्ने, वर्णविन्यास नियमको ख्याल गर्नुका साथै त्यससम्बन्धी अध्ययन गर्नुपर्ने, श्रुतिलेखन गराउँदा विद्यार्थीले ध्यानपूर्वक सुन्नेर लेख्नु ुपर्ने, विद्यार्थीहरू श्रुतिलेखनको महत्त्वबारे स्पष्ट पार्नुपर्ने जस्ता उपाय अपनाउन सकिन्छ ।

शिक्षक 'ग'- विद्यार्थीहरूले श्रुतिसमभिन्नार्थक शब्दमा ख्याल गरी पटक पटक लेखन अभ्यास गर्नुपर्ने, श्रुतिलेखन पश्चात् विद्यार्थीले गरेका गल्ती सङ्कलन गरी त्यसको निराकरणात्मक शिक्षण गर्नुपर्ने जस्ता उपाय रहेका छन् ।

शिक्षक 'घ'- अरुले भनेका कुरा सुनेर शुद्ध लेख्ने बानीको विकास गर्नुपर्ने, विद्यार्थीले लेखनका क्रममा भाषिकागत प्रभाव पर्ने हुँदा त्यसलाई घटाउँदै लैजाने, श्रुतिलेखन गराउँदा विद्यार्थीले ध्यानपूर्वक सुन्नुपर्ने जस्ता उपाय रहेका छन् ।

शिक्षक 'ङ'- श्रुतिलेखनमा देखिने कमजोरी वा बाधक तत्त्वलाई पूर्ण पहिचान गरी निराकरणको प्रयास गर्नु पर्ने, श्रुतिलेखनका लागि सामग्री छनोट गर्दा विद्यार्थीको स्तरलाई ख्याल गर्नु पर्ने, श्रुतिलेखनमा विद्यार्थीका बीच प्रतिस्पर्धा गराइ पुरस्कार प्रदान गर्दा हौसला बढ्ने हुँदा यस किसिमको कार्यकलाप गर्नु पर्ने, श्रुतिलेखनका क्रियाकलाप बढाउनुपर्ने, भाषा पाठ्यपुस्तकको अध्ययनमा वृद्धि गर्नुपर्ने, भाषापाठ्यपुस्तक तथा पाठ्यक्रममा मात्र केन्द्रित भएर शिक्षण गर्ने परम्परा अधिकांश विद्यालयमा र शिक्षकमा नभएकाले त्यसखालका क्रियाकलाप बढाउनुपर्ने जस्ता उपाय अपनाउन सकिन्छ ।

शिक्षक 'च'- श्रुतिलेखन सुनाइ र लेखाइ सिपको एक अभिन्न कार्यकलाप भएकाले कक्षा शिक्षणमा यसलाई नियमित कार्यकलापका रूपमा उतार्न शिक्षकलाई प्रोत्साहन गर्ने, श्रुतिलेखनमा त्रुटि निराकरणका उपायहरूमा विद्यार्थीलाई भाषा अशुद्ध हुँदा भाषामा त्यसले पार्ने प्रभावका बारेमा जानकारी दिनुपर्ने, सावधानीपूर्वक लेखन कार्य गर्नुपर्ने, विद्यार्थीबिच श्रुतिलेखनमा प्रतिस्पर्धा गरिनुपर्ने, मानक नेपाली भाषाको प्रयोग सम्बन्धी भएका द्विविधा हटाइ भाषाको प्रयोगगत एकरूपता ल्याइनुपर्ने जस्ता उपाय रहेका छन् ।

उल्लेखित निराकरणका उपायहरूलाई निरन्तर रूपमा विद्यार्थी, विद्यालय, विषय शिक्षक वा सम्बद्ध निकायले कार्याव्यन गर्न सकेको खण्डमा विद्यार्थीको श्रुतिलेखन क्षमतामा विकास हुने देखिन्छ । विद्यालयले पनि विद्यालयमा श्रुतिलेखन कार्यलाई बढी भन्दा बढी अभ्यास गराएमा विद्यार्थीको श्रुतिलेखन क्षमतामा विकास हुने देखिन्छ । व–ब, श–ष–स, ए–य, हलन्त र अजन्त प्रयुक्त शब्द सङ्कलन गर्न लगाई पटक पटक लेख्न लगाउनु पर्ने, विद्यार्थीको गृहकार्य नियमित रूपमा परीक्षण गर्ने त्यसबाट वर्णविन्यासको नियमसँग सम्बन्धित त्रुटिको जानकारी गराउने, श्रुतिलेखनका क्रममा अक्षरमा बढी केरमेट गरिएकाले भाषा शिक्षण गर्दा नै त्यस्तो नगर्न आग्रह गर्नुपर्ने देखिन्छ । त्यसकारण यस अध्ययनका क्रममा दिइएका सुझावलाई कार्यन्वयन गर्न सकेमा विद्यार्थीका कमीकमजोरी घट्दै जाने देखिन्छ । त्यसैगरी शैक्षिक गुणस्तरमा पनि सुधार गर्न सकिन्छ ।

**प्राप्ति र छलफल**

विद्यालय 'क' का कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको मापन गर्दा ५० पूर्णाङ्कमा प्रति विद्यार्थी ३३.२ औषत प्राप्ताङ् रहेको छ । विद्यालय 'ख' मा औषत प्राप्ताङ्क ३३.८ रहेको छ भने विद्यालय 'ग' को औषत प्राप्ताङ्क ३१.५ रहेको छ । विद्यालय 'घ' को औषत प्राप्ताङ्क ३३.६ रहेको छ । प्रस्तुत तालिकाबाट के स्पष्ट हुन्छ भने अध्ययनमा परेका ६० जना विद्यार्थीमध्ये सबैभन्दा कम मध्यम ११.६६ प्रतिशत विद्यार्थी रहेका छन् । त्यस्तै सबैभन्दा बढी उत्तम ५३.३४ प्रतिशत विद्यार्थी रहेका छन् । समग्रमा सुर्खेत जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उत्तम स्तरको रहेको छ । लैङ्गिकताका आधारमा छात्रको तुलनामा छात्राको श्रुतिलेखन क्षमता कमजोर रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन लैङ्गिकताका आधारमा गरिएको छ । आधारमा छात्राको तुलनामा छात्रको श्रुतिलेखन क्षमता कमजोर रहेको छ । समग्रमा छात्रको तुलनामा छात्राको श्रुतिलेखन क्षमता कमजोर रहेको नतिजा यस अध्ययनबाट प्राप्त भएको छ ।

नेपाली भाषाको मानक प्रयोग हुन नसक्नुका मुख्य कारणका रूपमा असावधानी, बेवास्ता, अज्ञानता, अङ्ग्रेजी भाषाप्रतिको मोह, मातृभाषाको प्रभाव रहेका (विष्ट, सन् २०२४, पृ. ३६०) छन् । भाषा सिकाइलाई सरल, सहज, व्यावहारिक र वैज्ञानिक बनाउन नखोज्नु जस्ता त्रुटि रहेका छन् । पाठ्यक्रम र पाठ्यपुस्तकका उद्देश्यमा केन्द्रित भएर शिक्षण गर्ने परम्परा अधिकांश विद्यालयमा र शिक्षकमा नहुनु पनि अर्को एउटा एउटा कारण रहेको छ । हरेक कक्षामा अव्यवस्थित रूपमा अशुद्ध सहयोगी पुस्तकहरू प्रकाशित हुनु, शिक्षकले पनि ती पुस्तकहरूको अधिकारिकता नबुझी तिनै पुस्तकलाई आधार मान्नु जस्ता कारणले वर्णविन्यासगत त्रुटि (अर्याल, सन् २०२४, पृ. ११) हुन पुगेका छन् । मानक प्रयोगलाई कुनै व्यक्ति प्रयोक्ताले आफ्ना लेखनमा उपेक्षा गर्न पनि सक्ला तर शैक्षिक संस्था, सहकारी, सञ्चार माध्यमहरू, सरकारी निकायहरू तथा यसका प्रयोक्ताहरूले पालना गर्नै पर्दछ । हाम्रा आधिकारिक निकाय भनेका नेपाल प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय र पाठ्यक्रम विकास केन्द्रहरू नै हुन् । यिनले प्रयोगमा ल्याएको मानक रूप नै आधिकारिक रूप हो (पौडेल, २०७६) । कार्यालयबाट प्रकाशित हुने प्रतिवेदन तथा सूचना लेखनका कार्यमा भाषासम्पादकलाई संलग्न गराउनुपर्ने, कम्प्युटर तथा लेख्य सामग्री निर्माण गर्ने कर्मचारीलाई समय समयमा नेपाली भाषा सम्बन्धी तालिम तथा जानकारीमूलक कार्यक्रम आयोजना गर्नुपर्ने देखिन्छ । नेपाली भाषाको वर्णविन्यासगत एकरूपताको आधार बनाइनुपर्ने, परम्परागत नेपाली वर्णविन्यासगत व्यवस्था सम्बन्धी थप शोधखोज गरी समसामयिक सुधार तथा आधुनिकीकरण गरिनुपर्ने जस्ता उपाय अपनाइ भाषिक शुद्धता कायम गर्न सकिन्छ । सबै प्रशासनिक निकायमा मानक वर्णविन्यास लागु गर्ने अनिवार्य व्यवस्था लागु गर्नुपर्ने (शाह र भट्टराई, सन् २०२५, पृ. २६२) निष्कर्ष निकालिएको छ । श्रुतिलेखनमा भाषिक त्रुटि हुने कारणहरूमा विद्यार्थीले ध्यानपूर्वक नसुन्नु, कक्षा शिक्षणमा श्रुतिलेखन कार्यलाई नियमित रूपमा उतार्न नसक्नु, विद्यार्थीले वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगर्नु, श्रुतिलेखनमा विद्यार्थीहरूले भाषिकागत त्रुटि गर्नु तथा लेखन कार्यलाई बेवास्ता गर्नु जस्ताका कारण रहेकोमा शिक्षकरूले स्वीकार गरेका छन् ।

खस भाषाका शब्दलाई नेपालीजस्तो बनाएर लेख्लाई लेक्दो, लेख्न्या; गर्लाई गर्दो गर्छ' जस्ता भिन्न ढङ्गले उच्चारण गरेको पाइयो । अकार वर्णलाई आकार गरेर उच्चारण गरेको पाइयो । यसरी खस मातृभाषी विद्यार्थीलाई नेपाली उच्चारणमा कठिनाइ भएको, शब्दभण्डार र शब्दोच्चारणको लबज भिन्न भएकाले नेपाली भाषाका सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा त्रुटि हुने गरेको (खत्री, सन् २०२४, पृ. १४९) छ । स्नातकोत्तर तहका दोस्रो भाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा ह्रस्व–दीर्घ, श–ष–स, ब–व, चन्द्रविन्दु शिरविन्दु, अजन्त–हलन्त, ङ्–ञ्–न्–म्, पदयोग पदवियोगसम्बन्धी त्रुटिहरू गरेको पाइन्छ । उनीहरूले अत्यन्त प्रचलित शब्दमा पनि त्रुटि गरेको देखिन्छ । त्रुटिको प्रकृतिलाई हेर्दा दोस्रो भाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा नियमित र असावधानीगत त्रुटि गरेको देखिन्छ । वर्णविन्यासगत त्रुटिलाई हेर्दा स्नातकोत्तर तहका दोस्रो भाषी विद्यार्थीको लिखित अभिव्यक्तिमा सामान्य त्रुटि देखिए पनि त्रुटिको प्रकृतिलाई हेर्दा केही प्रयोगमा भएका त्रुटि अर्थ घातक देखिन्छन् । उल्लिखित केही पक्षलाई हेर्दा उनीहरूलाई नेपाली वर्णविन्यासको सामान्य नियम पनि बोध नभएको देखिन्छ भने केही पक्षमा उनीहरू असचेत (खनिया, २०८०, पृ. ३२) रहेको पाइन्छ । मैथिलीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाका 'क्ष' र 'छ', 'य' र 'ए', 'ण', अनुनासिक शब्द, आदिस्थानिक 'स' वर्ण लगायतको उच्चारणमा पनि त्रुटि गर्दछन् । भाषाशिक्षणका क्रममा कुनै पनि शिक्षकले मैथिलीभाषी विद्यार्थीले गर्ने उपर्युक्त प्रकृतिका उच्चारण सम्बन्धी त्रुटिहरूलाई निराकरण गर्न तत्सम्बद्ध अभ्यास गराउनु पर्दछ जसबाट नेपाली भाषाको शुद्ध उच्चारणमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न सघाउ पुग्छ । साथै अन्य मातृभाषी विद्यार्थीहरूलाई पनि तिनले गर्न सक्ने सम्भावित त्रुटि क्षेत्रको पहिचान गरी आवश्यकतानुसार वर्णगत, रूपगत, वाक्यगत, कोटि एवम् उपकोटिगत तहमा प्रशस्त अभ्यास गराउनु पर्दछ । यसबाट त्रुटिको निराकरणका अतिरिक्त विद्यार्थीहरूमा भाषिक दक्षताको समेत विकास गराउन (भुसाल, सन् २०२३, पृ. ७६) सकिन्छ ।

वर्णविन्यासगत क्षेत्रहरू जस्तै ह्रस्वमात्रा, दीर्घमात्रा, चन्द्रविन्दु र शिरविन्दु, श ,ष र स वर्ण, पदयोग र पदवियोगको प्रयोगमा नेपाली इतरभाषी विद्यार्थीहरूले नेपाली भाषी विद्यार्थीहरूभन्दा बढी त्रुटि गरेको देखिन्छ । यसरी हेर्दा नेपाली इतरभाषी भन्दा नेपाली भाषी विद्यार्थीहरूको वर्णविन्यासगत प्रयोग क्षमता बढी रहेको (सोडारी, सन् २०२३, पृ. १४९) पाइन्छ । सिकारु सक्रिय शिक्षण विधि अवलम्बन गरिनुपर्ने, विषय क्षेत्र अनुरूपका यथेष्ट शिक्षण सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ गतिविधि सञ्चालन गर्नुपर्ने, सैद्धान्तिक, संरचनात्मक र ज्ञानात्मक शिक्षण सिकाइ क्रियाकलाप गरिनुपर्ने, व्यवहारोपयोगी लेखन अभ्यास गराइनुपर्ने अनिवार्यता छ । यसले लेखन अभ्यासमा निखार ल्याउन मद्दत गर्दछ । साथै लेखन क्षमता अभिवृद्धिमा सहयोग (आचार्य, सन् २०२४, पृ. १७७) पुग्दछ । त्यसैगरी श्रुतिलेखन क्षमता कमजोर हुने अन्य कारणहरूमा श्रुतिलेखन कार्य गर्दा बोझ मान्नु, बेवास्ता गर्नु रहेका छन् । श्रुतिलेखन गराउँदा विद्यार्थीले ध्यानपूर्वक नसुन्नु, विद्यार्थीहरू श्रुतिलेखनको महŒवबारे स्पष्ट नहुनु, विद्यार्थीहरूले श्रुतिसमभिन्नार्थक शब्दमा ख्याल नगर्दा वर्णविन्यासगत त्रुटि देखापर्नु, अरुले भनेका कुरा सुनेर शुद्ध लेख्ने बानीको विकास नहुनु जस्ता कारण रहेका छन् । भाषा पाठ्यपुस्तकको अध्ययनमा कमी, विद्यार्थीहरूले संयुक्त वर्ण लेख्न अलमलिनु, श्रुतिलेखनका क्रममा त्रुटि भएका शब्द तथा वाक्य पटक पटक नलेख्नु तथा मानक नेपाली भाषाको प्रयोग सम्बन्धी द्विविधा हुनु जस्ता कारण रहेका छन् ।

## निष्कर्ष

प्रस्तुत अध्ययन कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताका पहिचानमा केन्द्रित रहेको छ । त्यसैगरी लैङ्गिकता तथा विद्यालयको प्रकृतिका आधारमा श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । विद्यालय 'क' का कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको मापन गर्दा ५० पूर्णाङ्ककमा प्रति विद्यार्थी ३३.२ औषत प्राप्ताङ् रहेको छ । विद्यालय 'ख' मा औषत प्राप्ताङ्क ३३.८ रहेको छ भने विद्यालय 'ग' को औषत प्राप्ताङ्क ३१.५ रहेको छ । विद्यालय 'घ' को औषत प्राप्ताङ्क ३३.६ रहेको छ । ६० जना विद्यार्थीमध्ये सबैभन्दा कम मध्यम ११.६६ प्रतिशत र सबैभन्दा बढी उत्तम ५३.३४ प्रतिशत विद्यार्थी रहेका छन् । समग्रमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमता उत्तम स्तरको रहेको छ । लैङ्गिकताका आधारमा छात्राको श्रुतिलेखन क्षमता कमजोर रहेको छ । श्रुतिलेखन क्षमता कमजोर हुने कारणहरूमा श्रुतिलेखन कार्य गर्दा बोझ मान्नु तथा बेवास्ता गर्नु रहेका छन् । श्रुतिलेखन कार्यलाई निरन्तर रूपमा विद्यार्थी, विद्यालय, विषय शिक्षक वा सम्बद्ध निकायले कार्यान्वयन गर्न सकेको खण्डमा विद्यार्थीको श्रुतिलेखन क्षमतामा विकास हुने देखिन्छ । विद्यालयले पनि विद्यालयमा श्रुतिलेखन कार्यलाई बढी भन्दा बढी अभ्यास गराएमा विद्यार्थीको श्रुतिलेखन क्षमतामा विकास हुने देखिन्छ । व–ब, श–ष–स, ए–य, हलन्त र अजन्त प्रयुक्त शब्द सङ्कलन गर्न लगाई पटक पटक लेख्न लगाउनु पर्ने, विद्यार्थीको गृहकार्य नियमित रूपमा परीक्षण गर्ने त्यसबाट वर्णविन्यासको नियमसँग सम्बन्धित त्रुटिको

जानकारी गराउने, श्रुतिलेखनका क्रममा अक्षरमा बढी केरमेट गरिएकाले भाषा शिक्षण गर्दा नै त्यस्तो नगर्न आग्रह गर्नुपर्ने देखिन्छ। त्यसकारण यस अध्ययनका क्रममा दिइएका सुझावलाई कार्यन्वयन गर्न सकेमा विद्यार्थीका कमीकमजोरी घट्दै जाने देखिन्छ। त्यसैगरी शैक्षिक गुणस्तरमा पनि सुधार गर्न सकिन्छ।

**लेखकको परिचय**

राम प्रसाद कंडेल नेपाल संस्कृत विश्वविद्यालयमा नेपाली शिक्षा विषयमा विद्यावारिधि अध्ययन गर्दै हुनुहुन्छ। हाल, उहाँ मध्यपश्चिम विश्वविद्यालय, नेपाली केन्द्रीय शिक्षा विभागमा विभागीय प्रमुखको जिम्मेवारीमा हुनुहुन्छ।उहाँ विशेषगरी जनजातिका भाषामा अध्ययनमा गहिरो रुचि राख्नुहुन्छ र यस क्षेत्रमा उहाँ अनुसन्धान कार्यमा सक्रिय हुनुहुन्छ।

नविन भट्टराई नेपाल पुलिस स्कूलमा नेपाली विषयका माध्यमिक तहका शिक्षकको रूपमा कार्यरत हुनुहुन्छ।उहाँको शिक्षण क्षेत्रमा लामो अनुभव छ र नेपाली भाषामा गहिरो ज्ञान राख्नुहुन्छ।

**सन्दर्भ ग्रन्थसूची**

अधिकारी, हेमाङ्गराज (२०६९), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति*, विद्यार्थी पुस्तक भण्डार।

अर्याल, भुवन (सन् २०२४), *वर्णविन्यासगत त्रुटि कारण र समाधान*, रेशुङ्गा जनरल. ३(१). १–१४।

आचार्य, ओमप्रकाश (सन् २०२५), माध्यमिक तहका विद्यार्थीको चिठी लेखन क्षमता. *The Academia: An Interdisciplinary Research Journal* ५(१).२४८–२६१।

खत्री, प्रकाश.(सन् २०२४). *खस मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गरेका त्रुटिको विश्लेषण*. *AMC Journal*, Volume 5, Number 1, 135-150. https://doi.org/10.3126/amcj.v5i1.75974

खनाल, पेशल (२०८२). *शैक्षिक अनुसन्धान पद्धति*. सनलाइट पब्लिकेसन।

खनिया, बुद्धराज.(२०८०).*स्नातकोत्तर तहका दोस्रो भाषी विद्यार्थीहरूको नेपाली लिखित अभिव्यक्ति*. सम्प्रेषण. ८(८). २०–३३.

ढकाल, शान्तिप्रसाद (२०६९). *नेपालीभाषा शिक्षण : परिचय र प्रयोग*. शुभकामना प्रकाशन।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७२). *भाषिक अनुसन्धान विधि*. सनसाइन पब्लिकेसन।

नेपाल सरकार (२०७६). *प्रकाशन शैली*. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र।

पाठ्यक्रम विकास केन्द्र (२०७६). *मेरो नेपाली किताब* कक्षा – ५. पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर।

पौडेल, होमनाथ (२०७६). *शुद्ध नेपाली कसरी लेख्ने आधिकारिक नियम*. डिसी नेपाल।

भण्डारी पारसमणि र अन्य (२०७५*). भाषिक अनुसन्धान विधि*. विद्यार्थी पुस्तक भण्डार।

भुसाल, केशव. (सन् २०२३), *भाषाशिक्षणका सापेक्षतामा त्रुटि विश्लेषण सैद्धान्तिक अवधारणा*, प्रक्रिया र प्रयोग. सहिद स्मृति जनरल. १२(९). ६७–७६

विष्ट, वासुदेव (सन् २०२४), *सरकारी निकायका सार्वजनिक सूचनामा प्रयुक्त भाषिक त्रुटि र त्यसको शैक्षणिक उपादेयता*. KMC Journal, 6(2). 336-364 DOI: https://doi.org/10.3126/kmcj.v6i2.68918.

लमिछाने र अन्य (२०६९). *भाषिक अनुसन्धान विधि*. विद्यार्थी पुस्तक भण्डार।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू*, विद्यार्थी पुस्तक भण्डार।

शाह, हरिजङ्ग र भट्टराई, नवीन. (सन् २०२५).*सामाजिक विकास मन्त्रालय*, कर्णाली प्रदेशबाट प्रकाशित प्रतिवेदनमा भएका भाषिक त्रुटि. *Journal of Musikot Campus*, *3*(1), 248–263. https://doi.org/10.3126/jmc.v3i1.81229

सोडारी, सुजन. (सन् २०२३). *माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको वर्णविन्यासगत क्षमता*. Innovative Research Journal Vol : 3, (2) , 134-149 https://doi.org/10.3126/irj.v3i2.61814